लोक सेवा आयोग

नेपाल आर्थिक योजना तथा तथ्याङ्क, **इन्जिनियरिङ्ग (सिभिल समूह, इरिगेसन समूह)**, कृषि, वन, विविध र शिक्षा सेवाका सबै समूह/उपसमूहका राजपत्रांकित द्वितीय श्रेणी (उपसचिव वा सो सरह पद)को खुला र आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

यस पाठ्यक्रमलाई दुई चरणमा विभाजन गरिएको छ।

प्रथम चरण - लिखित परीक्षा पूर्णाङ्क : २००

द्वितीय चरण - अन्तर्वार्ता पूर्णाङ्क : ३०

## परीक्षा योजना (Examination Scheme)

| पत्र | विषय | खण्ड | प्रश्न संख्या | अङ्क भार | परीक्षा प्रणाली | समय | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|
| प्रथम | प्रशासन र विकास र सेवा सम्बन्धी सामान्य विषय | (क) प्रशासन र विकास | १० | १०×५=५० | छोटो छोटो उत्तर | १ घण्टा ३० मिनेट | ५० | ४० |
| | | (ख) सेवा सम्बन्धी सामान्य विषय | ५ | ५×१०=५० | लामो उत्तर | १ घण्टा ३० मिनेट | ५० | |
| द्वितीय | सेवा सम्बन्धी प्राविधिक विषय | | ४ | ४×१५=६० | विश्लेषणात्मक समीक्षा | ३ घण्टा | १०० | ४० |
| | | | २ | २×२०=४० | विश्लेषणात्मक र समाधानमूलक उत्तर | | | |

द्रष्टव्य :

१. माथि उल्लिखित सबै सेवा वा सेवा अन्तर्गतका समूह/उपसमूहहरुको पाठ्यक्रमको **प्रथम पत्र खण्ड (क)** को विषयवस्तु एउटै हुनेछ।

२. **प्रथम पत्र खण्ड (क)** को लिखित परीक्षा सेवागत रुपमा अर्थात् एउटा सेवा अन्तर्गतका समूह/उपसमूहका लागि संयुक्त रुपमा एउटै प्रश्नपत्रवाट एकैदिन वा छुट्टाछुट्टै प्रश्नपत्रवाट छुट्टाछुट्टै दिन पनि हुन सक्नेछ भने **प्रथम पत्र खण्ड (ख)** को परीक्षा समूह/उपसमूह अनुसार एकैदिन वा अलग अलग दिन छुट्टाछुट्टै प्रश्नपत्रवाट हुनेछ। यसैगरी द्वितीय पत्रको परीक्षा पनि समूह/उपसमूह अनुसार एकैदिन वा अलग अलग दिन छुट्टाछुट्टै प्रश्नपत्रबाट हुनेछ।

३. **प्रथम पत्र खण्ड (क)** को लागि एउटा मात्र उत्तरपुस्तिका हुनेछ भने **प्रथम पत्र खण्ड (ख)** र **द्वितीय पत्रका** प्रत्येक प्रश्नका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन्।

४. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ।

५. यथासम्भव प्रश्नहरु नेपालको सन्दर्भमा सोधिने छन्।

६. समस्या समाधानको उत्तर आवश्यकता अनुसार निम्नानुसार चार भागमा विभाजन गरी प्रस्तुत गर्नु पर्नेछः-
   (क) पहिलो भागमा समस्याको पहिचान
   (ख) दोस्रो भागमा समस्या समाधानको लागि मौजुदा सरकारी नीति र कार्यक्रम
   (ग) तेस्रो भागमा समस्या समाधानको लागि सुझाव
   (घ) चौथो भागमा सुझाव कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने ठोस तरिका

७. यस पाठ्यक्रममा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका ऐन, नियमहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई ) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

८. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको अन्तर्वार्तामा सम्मिलित गराइनेछ।

९. **पाठ्यक्रम लागु मितिः २०६१/८/१८ गते (प्रथम पत्र खण्ड (क) परिमार्जन मिति २०६४/६/१७ गते, खण्ड (ख) अद्यावधिक मिति २०७८/०६/१८ गते)**

PUBLIC SERVICE COMMISSION

लोक सेवा आयोग

नेपाल आर्थिक योजना तथा तथ्याङ्क, **इन्जिनियरिङ्ग (सिभिल समूह, इरिगेसन समूह)**, कृषि, वन, विविध र शिक्षा सेवाका सबै समूह/उपसमूहका राजपत्रांकित द्वितीय श्रेणी (उपसचिव वा सो सरह पद)को खुला र आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

**प्रथमपत्र खण्ड (क) प्रशासन र व्यवस्थापन** **अङ्क – ५०**

**१. राज्य र सरकार**

- १.१ व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका बीचको अन्तरसम्बन्ध
- १.२ सार्वजनिक नीति तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन
- १.३ नेपालको वर्तमान संविधान

**२. सार्वजनिक प्रशासन**

- २.१ सार्वजनिक प्रशासनको अवधारणा
- २.२ कर्मचारी प्रशासनका आधारभूत पक्षहरु
- २.३ आर्थिक प्रशासन- बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन

**३. व्यवस्थापन**

- ३.१ व्यवस्थापनको अवधारणा
- ३.२ व्यवस्थापनमा नेतृत्व, उत्प्रेरणा, नियन्त्रण र समन्वयको महत्व
- ३.३ व्यवस्थापन सूचना प्रणाली

**४. विकासका आयामहरु**

- ४.१ विकास प्रशासनको अवधारणा
- ४.२ विकासमा जनसहभागिता
- ४.३ आवधिक योजना
- ४.४ दिगो विकास
- ४.५ विकेन्द्रीकरण
- ४.६ गरीबी निवारण
- ४.७ सुशासन
- ४.८ विकासमा गैरसरकारी संस्थाको भूमिका
- ४.९ जनसंख्या र बसाँईसराई

**५. लोकतन्त्र र मानव अधिकार**

- ५.१ लोकतन्त्र र समावेशीकरण
- ५.२ कानुनी राज्य
- ५.३ मानव अधिकार
- ५.४ लैंगिक सवाल (Gender Issues)
- ५.५ आरक्षण र सकारात्मक विभेद
- ५.६ प्रतिनिधित्वको सिद्धान्त र समानुपातिक प्रतिनिधित्व

**६. नेपाली समाज र यसको बनोट**

- ६.१ नेपालका विविध जात/जाति/वर्ग/समुदायहरुको सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक अवस्था र रहनसहन
- ६.२ आदिवासी, जनजाती, मधेशी, दलित, अपाङ्ग र महिलाहरुको वर्तमान अवस्था, उत्थानका प्रयासहरु, समस्या, समाधान र सम्भावनाहरु ।

…………

PUBLIC SERVICE COMMISSION

**प्रथम पत्र :- खण्ड (ख) सेवा सम्वन्धी सामान्य विषय अङ्क:- ५०**

## १. जलश्रोत सम्वन्धी

१.१ जलश्रोत ऐन, २०४९
१.२ जलश्रोत नियमावली, २०५०
१.३ National water Resources Strategy, 2002
१.४ National Water Plan, 2005
१.५ जलश्रोत नीति, २०७७

## २. सिंचाई सम्वन्धी

२.१ सिंचाई नीति, २०७०
२.२ सिंचाई नियमावली, २०५६
२.३ सिंचाई विकास सम्वन्धी चुनौतीहरु
२.४ मर्मत संभार तथा संचालन नीति निर्देशनहरु
२.५ निजी क्षेत्रको सहभागिता सम्वन्धी अवधारणा
२.६ सिंचाई विभागको कार्यविधि, २०६१
२.७ सिंचाई विभागको सांगठनिक विश्लेषण तथा सुधारका संभावनाहरु
२.८ चालू आवधिक योजना
२.९ Agriculture Development Strategy, 2015
२.१० Irrigation Master Plan, 1990 and 2019

## ३. वातावरण सम्वन्धी

३.१ वातावरण संरक्षण ऐन, २०७६
३.२ वातावरण संरक्षण नियमावली, २०७७

## ४ विविध

४.१ निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५०
४.२ नेपाल इन्जिनियरिङ्ग सेवा (गठन समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमावली,२०५१
४.३ नेपाल इन्जिनिरिङ्ग परिषद ऐन, २०५५
४.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४
४.५ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७
४.६ सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४
४.७ जग्गा प्राप्ति ऐन, २०३४
४.८ विकास समिति ऐन, २०१३
४.९ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५

PUBLIC SERVICE COMMISSION

# Sample Questions

**खण्ड (ख) सेवा सम्वन्धी सामान्य विषय**

१. नेपाल ईन्जिनियरिगं परिषद ऐन २०५५ मा परिषदमा दर्तागर्ने र दर्ताबाट नाम हटाउन सक्ने सम्बन्धमा के कस्तो ब्यबस्था छ ? उल्लेख गर्नुहोस । यो ब्यबस्थालाई प्रभाबकारी बनाउन के कस्तो ब्यबस्था गर्नुपर्ला सबिस्तार बर्णन गर्नुहोस ।

२. बर्तमान परिप्रेक्षमा सिंचाइ बिकास सम्बन्धी चुनौतीहरुवारे उल्लेख गर्नुहोस । यी चुनौतीहरु निरुपण गर्न सिंचाई बिभागवाट के कस्ता थप प्रयास हुनुपर्दछ सबिस्तार बर्णन गर्नुहोस ।

३. "Conjunctive Use Of Water " भन्नाले के बुभ्नुहुन्छ ? नेपालमा सिंचाई योग्य जमिनमा बर्षैभरी सिंचाई सुबिधा उपलब्ध गराउन स्यालो ट्युबवेल र डिप ट्यूववेलको प्रभाबकारिता बारे बिवेचना गर्नुहोस । पानी कम भएको क्षेत्रमा बर्षैभरी सिंचाई सुबिधा उपलब्ध गराउन "Conjunctive Use Of Water " को प्रभाबकारिता कसरी आकलन गर्नुहुन्छ सविस्तार बर्णन गर्नुहोस ।

४. सिंचाई बिभागको हालको संरचना र कार्यक्षेत्रको सबिस्तार बर्णन गर्नुहोस । भविष्यमा कस्तो संरचनाको आबश्यकता पर्ला प्रस्ताब गर्नुहोस ।

५. "साना सिंचाईहरुको बिकाशले भात्र Sustainable Irrigation Development हुन सक्दछ " यस संग सहमत हुनुहुन्छ । तर्क सहित पक्ष तथा बिपक्षमा सबिस्तार उत्तर लेख्नुहोस ।

PUBLIC SERVICE COMMISSION